परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

✤ वर्ष १ ✤ अंक १२६ ✤ २०७९ साल जेष्ठ १६ गते सोमबार ✤ 30 May 2022 ✤ पृष्ठ ४ ✤ मुल्य रु ३।- जि.प्र.का. महोत्तरी दर्ता नं. ५६-२०७८-०७९

बर्दिबास टुर्स एण्ड ट्राभल्स प्रा.लि.
बर्दिबास (पावन मिथिला होटलको उत्तर पट्टी)

राष्ट्रिय तथा अन्तराष्ट्रिय हवाई टिकट, श्रम अनलाइन, विवाह, भ्रमण, पिकनिकको लागि स्कार्पियो, कार, हायस, बस भाडामा दिनुको साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय कुरियर टुर्स प्याकेज ट्रेन टिकट तथा बैदेशिक रोजगारी, अभुमुखी कक्षाको व्यवस्थाको परामर्शको पनि

सम्पर्क : ९८०१६०३५१५
९८१३९३५६३०

## गणतन्त्र दिवसको अवसरमा बर्दिबास सरसफाइ



**टक नेपाल**

**बर्दिबास ।**

आइतबार १५ औं गणतन्त्र दिवस देशभर विभिन्न कार्यक्रम गरी धुमधामका साथ मनाइएको छ । बर्दिबासमा भने गणतन्त्र दिवस सरसफाइ गरि मनाइएको छ । बर्दिबास नगरपालिकाका नव निर्वाचित नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीको नेतृत्व तथा सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालयको सहकार्यमा सरसफाइ गरिएको छ । 'हाम्रो रहर हरियो र सफा बर्दिबास सहर' नाराका साथ बर्दिबासअन्तर्गत मुख्य चौक लगायतका क्षेत्रमा स्थानीय जनप्रतिनिधि, युवा तथा प्रहरीको सहयोगमा सरसफाइ गरिएको छ। सडक छेउछाउका रहेका प्लाष्टिकजन्य फोहोर संकलन गर्नुका साथै कुचोले सफा गरेका थियो । सडक पेटीमा अव्यवस्थित निर्माण सामाग्री राख्ने, जथाभावी सडकमा फोहोर फाल्ने स्थानीय तथा व्यापारी, व्यवसायीहरुलाई सकारात्मक सन्देश दिन यस्तो कार्यक्रमको आयोजना गरेको नगरप्रमुख क्षेत्रीले बताए । आफ्नो पसल अगाडीको फोहोर सबै व्यापारी आफैले सफा गर्ने हो भने बजार दुर्गन्धित नहुने उनको बुझाइ छ। यसबाट आफ्नो क्षेत्रको सरसफाइ आँफैले गर्नुपर्छ भन्ने सबैमा सन्देश समेत दिन खोजेको नगर प्रमुख क्षेत्रीले बताउँछन् ।

## बाक्लो हुस्सुका कारण सम्पर्कविहीन जहाजको खोजी कार्य रोकियो

**टक नेपाल**

**काठमाडौं ।**

८ घण्टादेखि सम्पर्कविहीन तारा एयरको जहाजको खोजी कार्य रोकिएको छ । सम्भावित क्षेत्रमा बाक्लो हुस्सुका कारण खोजी कार्यमा समस्या भइरहेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी (सीडीओ) नेत्र प्रसाद शर्माले जानकारी दिए । खोजी कार्यको लागि हेलिकोप्टर मार्फत् र स्थलमार्ग हुँदै टोली विभिन्न क्षेत्रमा परिचालन गरिएको छ । तर, सम्भावित क्षेत्रमा बाक्लो हुस्सो र हिउँ पर्न थालेपछि आजको लागि खोजी कार्य रोकिएको उनको भनाइ छ । मुस्ताङको मानापाथी हिमाल फेदमा रहेको आशंकामा नेपाली सेना, नेपाल प्रहरी र एति एयरको उद्धार टोली त्यसतर्फ परिचालन गरिएको थियो । तर, आजलाई थप उद्धार कार्य गर्न सम्भवन नरहेको भन्दै टोली फिर्ता हुन लागेको सीडीओ शर्माले बताए। जहाजको खोजी कार्यका लागि नेपाली सेनाको ८२ जनाको टोली खटिएको छ । त्यस्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र तारा एयरको उद्धार टोली समेत सम्भावित क्षेत्रमा खटिएको छ । भोलि मौसम प्रतिकूलताको आधारमा खोजी कार्यमा टोलि परिचालन हुने उनको भनाई छ । आइतबार बिहान पोखराबाट जोमसोमको लागि उडेको तारा एयरको जहाज १० बजेर ७ मिनेटदेखि सम्पर्कविहिन बनेको थियो । चालकदलका तीन सदस्यसहित २२ जना यात्रुहरूको अवस्था अज्ञात रहेको छ।



# गाउँघरमा उत्पादित तोरी तेलप्रति उपभोक्ता आकर्षित

**विजयकुमार साह**
**ढल्केबर ।**



महोत्तरी बर्दिवासका अर्जुन खडकालाई तोरी तेल उत्पादन गर्न भ्याइनभ्याई छ। शुद्ध तोरी तेलको माग बढे पछि उहाँलाई तेल उत्पादन गर्न भ्याइनभ्याई भएको हो। खड्काले बर्दिवासस्थित आफ्नै घरमा विद्युतबाट सञ्चालन हुने दुई वटा तोरी पेल्ने मेशिन जडान गरेर तेल उत्पादन गर्दै आउनुभएको छ। स्वास्थ्यप्रति सचेत हुँदै गएका नेपाली नागरिक अन्य स्वस्थ खानेकुरा जस्तै शुद्ध तोरी तेलको पनि प्रयोग थालेका छन्। बजारमा पाइने मिसावटयुक्त खानेतेलका कारण विभिन्न रोगव्याधी हुने डरले नेपाली समाज पहिला–पहिला गाउँघरमा प्रयोग गर्ने शुद्ध तोरी तेलको पुनः प्रयोग गर्न थालेका हुन्। तेलको माग बढे पछि मिल सञ्चालक खडकाले तेल उत्पादन पनि बढाउनुभएको छ।

घरपरिवारका चार जना सदस्य र स्थानीय एकजनालाई रोजगार दिएर बिहानदेखि अबेर रातिसम्म तेल उत्पादन गरिरहेको मिल सञ्चालक खडकाले बताउनुभयो। उहाँले अहिले दैनिक १५० लिटरसम्म तेल उत्पादन गदै आएको बताउनुहुँदै जति तेल उत्पादन गरे पनि बजारमा गएर बिक्री गर्नु नपरेको जानकारी दिनुभयो। सबै तेल यहीँबाट बिक्छ। आवश्यक पर्नेले मिलमै आएर लैजाने गरेका छन्, मिल सञ्चालक खड्काले भन्नुभयो।

१५ वर्षअघि एउटा मिल स्थापना गरेर शुद्ध तोरीको तेल उत्पादन सुरु गर्नुभएका खडकाले तेलको माग बढेपछि थप एउटा मेशिन स्थापना गर्नुभयो। खडकाले सञ्चालन गर्नुभएको तेल मिलबाट उत्पादित तेल काठमाडौं, पोखरा, जनकपुर,विराटनगरलगायतका शहरमा पुग्ने गरेको छ। शुद्ध तोरीको तेल सबैले प्रयोग गरुन भनेर आफूले मिल सञ्चालन गरेको मिल सञ्चालक खड्काको भनाइ छ।

तेल उत्पादन गर्न स्थानीय स्तरमा उत्पादन हुने तोरी बढीजसो प्रयोग गर्ने गरेको र नपुगेको खण्डमा दोलखा र रामेछापलगायत पहाडी जिल्लाबाट मगाउने गरेको उहाँले भन्नुभयो। स्थानीय किसानसँग तोरी खरीद गरेर तेल उत्पादन गर्न थालेपछि यहाँका किसान तोरी खेतीप्रति आकर्षित हुँदै गएका छन्। तोरी बिक्री गर्न बजारको समस्या नहुने भएपछि यहाँका किसान तोरी खेतीप्रति आकर्षित हुँदै गएका हुन्।

# गणतन्त्रको रक्षाका लागि एकजुट हुन सभामुखको आग्रह



**टक नेपाल**
**काठमाडौं ।**

सभामुख अग्निप्रसाद सापकोटाले परिवर्तित व्यवस्थाप्रति आमनागरिकलाई आशावादी तुल्याउन राज्यका जिम्मेवार निकायका पदाधिकारीमा अधिक जिम्मेवारी बोध हुन आवश्यक रहेको बताएका छन्। गणतन्त्र दिवस–२०७९ का अवसरमा आज शुभकामना दिँदै उनले गणतन्त्र स्थापनाका लागि त्याग र बलिदान गनेको मूल्याङ्कन एवं सम्मान, यससँग जोडिएका जनअपेक्षाको सम्बोधन गर्न सबैले ध्यान दिनुपर्ने बताए। संविधानअनुरुप सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने दायित्व पूरा गर्न र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति सबै नेपालीले गर्व गर्ने अवस्था निर्माण गर्न अझ सुदृढ राष्ट्रिय एकताको खाँचो रहेको उल्लेख गर्दै सभामुख सापकोटाले राज्य संयन्त्रमा भएका परिवर्तन सबै तह र तप्काका नागरिकले अनुभूत गर्न सक्ने गरी कार्यान्वयन हुन आवश्यक रहेको बताए। गणतन्त्र दिवसका अवसरमा देश–विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी एवं दाजुभाइमा शुभकामना व्यक्त गर्दै गणतन्त्र दिवसले राष्ट्रहित, गणतन्त्र, संविधानसहित उपलब्धिको रक्षाका लागि एकजुट हुने प्रेरणा मिलोस् भनी कामना गरेका छन्।











टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य समाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।


## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ |
| जिल्ला ट्रा.प्र. कार्यालय | ५५००५५ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाल | ५५६०८९ |
| रेडियो रुपान्तरण १०६.३ मेगाहर्ज, गौशाला | ९८१९८९४९८७ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | : आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। |
| बृक्ष | : मालसामान हराउन सक्छ। |
| मिथुन | : महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। |
| कर्कट | : रोजगार वा नयाँ कार्यको अवसर मिल्नेछ। |
| सिंह | : आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। |
| कन्या | : आर्थिक क्षेत्रमा पनि सङ्कट र चिन्ता बढ्न सक्छ। |
| तुला | : गरेको कार्यमा सफलता मिल्नेछ। |
| बृश्चिक | : लाभदायक यात्रा रहने र नयाँ कार्यको थालनी होला। |
| धनु | : मित्र वा आफन्तको सहयोग मिल्नेछ। |
| मकर | : नसोचेको ठाउँबाट धन हात पर्नेछ। |
| कुम्भ | : आज नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। |
| मिन | : छोटो दुरीको लाभदायक यात्रा रहला। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

सम्पादकीय

## गणतन्त्र दिवसको सन्दर्भ

आज जेठ १५ अर्थात् १५औँ संघीय लोकतान्त्रिक गणतन्त्र दिवस । नेपालमा नयाँ युगको सुरूवात भएको विशेष दिनको रुपमा विविध कार्यक्रमका बीच मनाइँदैछ । आज नेपालको राजनीतिक इतिहासमा एउटा युगान्तकारी र ऐतिहासिक दिन पनि हो । गणतन्त्र हासिल गर्न बलिदानी दिने ज्ञातअज्ञात सहिदहरु र जीवित योद्धाहरुको बलिदानीपूर्ण संघर्षबाट २४० वर्षे जहानिया शासनको अन्त्य गर्दै जनताको जीत भएको दिन हो । भर्खरै मात्र स्थानीय निकायको निर्वाचन सम्पन्न भएको छ । जननिर्वाचित प्रतिनिधिहरुले आआफ्नो कार्यभार सुरू गरेका छन् । जनताद्वारा चुनिएका प्रतिनिधिले शासन गर्ने व्यवस्था हो यो । विसं २००७ सालको जनक्रान्ति, २०३६ साल, २०४६ सालको पहिलो जनआन्दोलन, दसवर्षे माओवादी सशस्त्र विद्रोह हुँदै ०६२/६३ सालको दोस्रो ऐतिहासिक जनआन्दोलनको सफलता र विभिन्न बलिदानीपूर्ण संघर्षहरुको संयुक्त उपलब्धिका रुपमा मुलुकमा गणतन्त्र स्थापना भएको हो । दोस्रो जनआन्दोलनको जनउभारले निरंकुश शाही शासनलाई परास्त गर्दै राजसंस्थाको विधिवत् अन्त्य गरी ०६५ जेठ १५ मा पहिलो संविधानसभाको पहिलो बैठकले मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको घोषणा गरेको हो । मुलुकमा जनताको शासन स्थापित भई राजाको स्थानमा जनताका छोराछोरी राष्ट्रपति र उपराष्ट्रपति बन्ने अवसर प्राप्त गरे । गणतन्त्र नेपालमा अहिले तेस्रो राष्ट्रपतिको कार्यकाल जारी छ । ऐतिहासिक संविधान निर्माण भई स्थानीय, संघीय तथा प्रदेश निर्वाचनपश्चात् संघीयता र गणतन्त्र कार्यान्वयनका लागि तीन तहको सरकारले शासन गरिरहेको छ । सरकारले पन्धौँ गणतन्त्र दिवस मनाउने तयारी गर्दैगर्दा गणतन्त्रका उपलब्धिहरुमाथि प्रश्न पनि उठ्न थालेका छन् । राजनीतिक दलहरुका अकमण्यता र जनताले पाएका सास्तीले गर्दा जनताले गणतन्त्रले हाम्रो जीवनमा के परिवर्तन ल्यायो भनेर सवाल उठाइरहेका छन् । नेपालमा व्यवस्था फेरिए पनि अवस्था फेरिइन सकेको छैन । समाजमा शान्ति, विकास, अमनचयन र सुरक्षाको स्थितिमा खासै भिन्नता आएको छैन । जनताले गणतन्त्रका उपलब्धिहरु चुम्न सकेका छन् कि छैनन ? गणतन्त्रलाई जनताले आत्मसात् गर्न सके कि सकेनन् भन्ने विषयमा सरकार र राजनीतिक नेतृत्वले गम्भीर मनन गर्नुपर्ने समय आइसकेको छ ।

# निजगढ विमानस्थल रोक्ने सर्वोच्चको आदेशविरुद्ध आन्दोलन चर्किंदै

**टक नेपाल**

**जनकपुरधाम ।** निजगढमा निर्माण हुने भनिएको अन्तर्राष्ट्रिय विमानस्थल नबनाउन सर्वोच्च अदालतले गरेको फैसलाको विरोधमा निजगढस्थित सहिद चोकमा स्थानीय युवाले पूर्वपश्चिम लोकमार्गमा धर्ना र चक्का जाम गरेका छन् । स्वतन्त्र निजगढ युवा विद्यार्थी सरोकार मञ्चको आयोजनामा आईतबार भएको चक्काजामका कारण राजमार्गमा दर्जनौं सवारीसाधनका यात्रु र ढुवानीका साधन अलपत्र परेका छन् । धर्नामा सहभागीहरूले सवोच्चको निर्णय फिर्ता गर, विकासप्रेमी जनता एक हौं, भारतीय विस्तारवाद मुर्दावाद जस्ता नारा लगाएका थिए । उनीहरूले सर्वोच्च अदालतको आदेश पुनरावलोकन नभएसम्म आन्दोलन जारी राख्ने बताएका छन् । आज बेलुका ७ बजे पनि राजमार्गमा धर्ना तथा राँके जुलुश प्रदर्शन गर्ने सरोकार मञ्चका श्यामकृष्ण घिमिरेले बताए । यसैगरी काठमाडौमा बस्दै आएका निजगढवासीले पनि आज दिउँसो २:३० बजे माइतीघर मण्डलामा प्रदर्शन गर्ने बताएका छन् । सर्वोच्चको आदेश दुर्भाग्यपूर्ण




भएकाले खबरदारी स्वरुप आफूहरूले प्रदर्शन गरेको र थप कडाइका साथ प्रदर्शन गर्ने बाराका दामोदर मैनालीले बताए । उनले अदालतले फैसला नसच्चाए थप आन्दोलन गर्ने घोषणा गरेका छन् । सर्वोच्चको अविवेकी फैसलाको पुर्विचार हुनुपर्ने भन्दै मैनालीले यदि जनताको माग नसुने थप कडा आन्दोलन गर्न बाध्य हुने चेतावनी दिए । त्यसैगरी, निजगढ सरोकार समितिले पनि अदालतको निर्णयविरुद्ध आन्दोलन गर्ने भएको छ । समितिले आन्दोलनको रणनीति तयार पार्न आज समितिको बैठक आह्वान गरेको संयोजक एकबहादुर श्रेष्ठले जानकारी दिए । श्रेष्ठले बैठकको निर्णयअनुसार आन्दोलन गरिने बताए । समितिले यसअघि पनि विमानस्थलन निर्माणको माग गर्दै निजगढमा दबाबमूलक आन्दोलनको कार्यक्रम संचालन गर्दै आएको थियो । विमानस्थल निर्माणको लागि दबाब दिने उद्देश्यले संघर्ष समिति गठन गर्न आगामी १७ जेठ मंगलवार निजगढमा सर्वपक्षीय भेलाको आयोजना गर्ने निजगढ उद्योग बाणिज्य संघका अध्यक्ष रामकृष्ण नेपालले जानकारी दिए ।

म आभारी छु



डा. दिपेन्द्र महतो
नगर प्रमुख, गौशाला नगरपालिका

गौशाला नगरपालिकाको नगरप्रमुखको पदमा आफ्नो अमुल्य मत दिई मलाई विजयी गराउनु हुने सम्पूर्ण नगरवासी वा आमा, दाजुभाई तथा दिदीबहिनीमा हर्दिक कृतज्ञतासहित अभार प्रकट गर्दछु ।




हंश अटो मोवाईल, बर्दिबास
मो. ०४४ ५५०४४५,९८०८५५४१६४,९८०३१२७१७

# यौन हिंसाका मुद्दामा हदम्याद बढाउन संसद सचिवालयमा विधेयक दर्ता




**टक नेपाल**
**काठमाडौं ।**

यौन हिंसाको मुद्दामा उजुरी गर्ने हदम्याद बढाउने सम्बन्धी विधेयक संसद सचिवालयमा दर्ता भएको छ। यौन हिंसाका मुद्धामा पीडितले उजुरी गर्ने हदम्याद बढाउनुपर्ने चौतर्फी आवाज उठेका बेला सरकारले उक्त विधेयक दर्ता गरेको हो । कानून न्याय तथा संसदीय मामिला मन्त्री गोविन्दप्रसाद शर्माले यौन हिंसाको मुद्धामा हदम्याद बढाउने सम्बन्धी विधेयक आइतबार दर्ता गराएका संसद सचिवालयले जनाएको छ । मुलुकी अपराध संहितामा हाडनाता करणी र नाबालकमाथिको बलात्कार बाहेक अरु बलात्कार तथा यौन हिंसाको मुद्दामा पीडितले उजुरी गर्न पाउने हदम्याद एक वर्ष तोकिएको छ ।

# ओली भन्छन् : राज्यका अंगहरूको दुरुपयोग गरेर गणतन्त्रमाथि प्रहार भइरहेको छ



**टक नेपाल**
**काठमाडौं ।**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले राज्यका अंगहरुको दुरुपयोग गरी लोकतान्त्रिक गणतन्त्रमाथि प्रहार गर्ने काम भइरहेको आरोप लगाएका छन् । गणतन्त्र दिवसको अवसरमा आज शुभकामना सन्देश दिंदै ओलीले सो आरोप लगाएका हुन् । यसले मुलुकको दुरगामी यात्रालाई अल्मल्याउँदै संविधान र संवैधानिक संस्थाहरुप्रतिको जनताको आस्थामा समेत चोट पुऱ्याएको ओलीको भनाइ छ। ओलीले शुभकामना सन्देशमा भनेका छन्, 'जनताको बलिदानीपूर्ण संघर्षले स्थापित भएको लोकतान्त्रिक गणतन्त्रमाथि आज संविधानले परिभाषित गरेका राज्यका अंगहरुलाई दुरुपयोग गरी संविधान र प्रणालीको अतिरिक्त व्याख्या/अपव्याख्याद्वारा प्रहार गर्ने काम भइरहेको छ।' जसका कारण मुलुकको विकासका सम्पूर्ण कामहरुमा अल्पविराम लागेका र केही वर्षयता सुरु भएको विकासको राष्ट्रिय बहसको ठाउँ सत्ताशक्तिको अनुचित भागबण्डा, लेनदेन र र ाज्यस्रोतको दोहनले लिएको ओलीको भनाइ छ। गत आम निर्वाचनबाट बनेको नेकपा (एमाले)को सरकारले नयाँ संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ गर्दै मुलुकलाई विकास र समृद्धिको बहसतर्फ अग्रसर गराएको उनको दाबी छ। ओलीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने संकल्प बोकेर लोकतान्त्रिक गणतन्त्रलाई जनअनुभूतिबाट प्रमाणित गर्न चाहेको बताए ।

# काठमाडौं महानगरका नवनिर्वाचित जनप्रतिनिधिको आज शपथग्रहण



**टक नेपाल**
**काठमाडौं ।**

काठमाडौं महानगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूले आज शपथग्रहण गर्ने भएका छन्। महानगरका मेयर, उपमेयर, वडाध्यक्ष र वडा सदस्यलगायतले शपथग्रहण गर्नेछन्। सोमबार बिहान ११ बजे काठमाडौंका मुख्य निर्वाचन अधिकृतले नवनिर्वाचित मेयर बालेन शाहलाई शपथग्रहण गराउने कार्यक्रम छ। त्यसपछि मेयर शाहले अन्य जनप्रतिनिधिलाई शपथग्रहण गराउनेछन्। राष्ट्रिय सभागृहमा हुने शपथग्रहण कार्यक्रमपछि मेयर शाह र उपमेयर सुनिता डंगोलले काठमाडौं महानगरपालिकाको कार्यालयमा पुगेर पदभार ग्रहण गर्नेछन्। महानगरका ३२ वडामध्ये १९ वडाको नेतृत्व नेपाली कांग्रेसले लिएको छ। नेकपा एमालेले १२ र नेकपा एकीकृत समाजवादीले एउटा वडाको नेतृत्व पाएको छ।












बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : धनवीर महतो,सम्पादक रंजुकुमारी साह, व्यवस्थापक : विकाश कुमार मण्डल, बजार व्यवस्थापक : अनुराग यादव कार्यकारी सम्पादक : रमेश कुमार सिंह, अध्यक्ष : रुपेश महतो, प्रवन्धक : ललन मण्डल
E-mail : talknepalnationaldally@gmail.com